

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस ८ गते सोमबार ❑ 23 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## सहकारी ठगी आरोपमा सबै दोषी माथि ढिलो चाँढो कार्वाही हुन्छः मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस



नेपाल सरकारका सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले सहकारी सम्बन्धि संसदीय छानविन समितिले दिएको सिफारिसका आधारमा सहकारी ठगी आरोपमा दोषी ठहरिएका जो कसैलाई नछाड्ने बताउनु भएको छ ।

नेपाल पत्रकार महासंघ कास्कीको नव निर्वाचित कार्यसमितिको सपथ ग्रहण तथा पदस्थापन समारोहमा आइतबार पोखरामा सम्बोधन गर्दै मन्त्री गुरुङले छानविन समितिले दिएको सिफारिसको आधारमा सहकारी ठगि आरोपित सबै माथि आवश्यक कार्वाही हुने चेतावनी दिदै दोषी ठहरिएका कुनै पाटीको भए पनि नछाड्ने बताउनु भएको हो । सहकारी ठगि आरोपमा प्रतिवेदन, अनुसन्धान र अध्ययनले देखाएका दोषीलाई राज्यले ढिलो चाँडो आवश्यक कार्वाही गर्ने गरी छाड्ने उहाँले विश्वास व्यक्त गर्नु भयो । दोषी आरोपितहरु एमाले, काग्रेस, माओबादीका नेता कार्यकर्त जो कसैलाई नछाड्ने उहाँले दाबी गर्नु भयो । प्रतिवेदनले अभियोजन लगाएको अध्ययन र अनुसन्धानले देखाएको कुरामा राज्यले कसैलाई छुट नदिने मन्त्री गुरुङले जनाउनु भयो । देशमा शुसासन कायम गर्न राजनीति स्थिरता आवश्यक भएको उहाँको भनाई थियो । हाम्रो संस्कार र संस्कृति सभ्य संस्कृति भएको उल्लेख गर्दै उहाँले पछिल्लो समयमा यसमा पनि धेरै अराजक भएको उहाँले दाबी गर्नुभयो । हाम्रो आर्दशलाई हमला गर्दै समाजलाई अराजक तर्फ लैजाने काम सामाजिक संजाल र केही अनलाइन संचार माध्यमहरुले गर्न थालेको मन्त्री गुरुङको भनाई थियो । अनलाइन संचार माध्ययको प्रयोग, संचालन र व्यबस्थापन गर्न संचार ऐन क्याविनेटबाट पास भई सकेको बताउदै मन्त्री गुरुङले तत्काल संसद चल्ने अबस्था नभए अध्यादेशबाट संचार ऐन ल्याउने जनाउनु भयो । साइबर क्राइम अनलाइनका माध्यमबाट बढेकोले त्यसलाई नियन्त्रण गर्न साइबर क्राइमको विधेयक क्याविनेटमा पुगेको मन्त्री गुरुङले जनाउनु भयो । आम संचार विधेयक छलफलको क्रममा भएकोले केही सुझाव भए दिन उहाँले आग्रह गर्नु भयो । देशको राजश्व बृद्धि किन भएन यसको कारणहरु खोज्न उहाँले पत्रकार सहित अन्य समाजका बौद्धिक बर्ग माझ आग्रह गर्नु भयो । पूजिगत खर्च किन कम हुन्छ यस्ता बिषयमा पत्रकारहरु अली चासो दिन मन्त्री गुरुङले आग्रह गर्नु भयो ।

महासंघ कास्कीका अध्यक्ष माधव बरालले पत्रकारीता पेशा नै जोखिममा रहेको उद्लेख गर्दै पत्रकारको हकहितमा काम गर्ने बताउनु भयो । अध्यक्षका प्रत्यासी राजेन्द्र अधिकारीले सहकारी ठगिमा सत्ताधारी दलका नेताहरु भएकोले उनीहरु उपर सरकारले कार्वाही गर्न माग गर्नु भयो । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पत्रकारलाई स्वतन्त्र हुन सुझाव दिनु भयो । पत्रकार स्वाभिमान वन्न उहाँले आग्रह गर्नु भयो । नेकपा माओबादी केन्द्र कास्कीका जिल्ला संयोजक विश्वप्रकाश लामिछानेले पहिला मिसन पत्रकारिता सुरू भएको स्मरण गर्दै राजनीति पार्टी भन्दा माथि उठेर समाज रूपान्तरणमा पत्रकारले आफ्नो भूमिका निभाउन आग्रह गर्नुभयो । निर्वाचन कमिटिका संयोजक महांसघ कास्कीका पूर्व अध्यक्ष पुण्यप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशका प्रेस रजिष्टार तथा महांसघ कास्कीका निवर्तमान अध्यक्ष बिमला भण्डारी, महासंघ कास्कीका पूर्व अध्यक्ष रविन्द्र बास्तोला, निर्वाचन समितिका सदस्य गोविन्द पौडेल लगायतले पत्रकारिता क्षेत्र स्वतन्त्र ढंगले गर्नुपर्नेमा जोड दिनुभयो । गत असोज २८ गते भएको निर्वाचनबाट माधव बराल नेतृत्व ३ बर्षीय कार्यकालका लागि निर्वाचित भएको थियो ।

## पूर्वगृहमन्त्री लामिछानेसहित चार जनाविरुद्ध मुद्दा दायर

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस

पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा मुछिनुभएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित चार जनाविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरमा जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ ।

जिल्ला सरकारी वकिल कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले लामिछानेसँगै रामबहादुर खनाल, छविलाल जोशी र लीला पछाइविरुद्ध आइतबार सम्पत्ति शुद्धिकरणमा मुद्दा दायर गरिएको जनाकारी दिनुभयो । पूर्वगृहमन्त्री लामिछानेमाथि रु २७ करोड ८९ लाख ४४ हजार सात सय बिगो दाबीसहित मुद्दा दर्ता गरिएको उहाँले बताउनुभयो । यस्तै जोशीविरुद्ध रु ७४ करोड ३४ लाख ७१ हजार बढी बिगो दाबीसहित मुद्दा दायर गरिएको छ । अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित अभियोगपत्र दर्ता गरिएको सहायक जिल्ला न्यायाधिवक्ता



शर्माले बताउनुभयो । लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमा र ३१ जनाविरुद्ध सहकारी ठगी मुद्दामा मुद्दा दायर गरिएको छ । सरकारी वकिल कार्यालयका अनुसार सहकारी ठगी प्रकरणमा हालसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ । जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा सभापति लामिछानेसहित विभिन्न व्यक्तिविरुद्ध सजायको माग दाबीसहित अभियोगपत्र दर्ता भएको बताउनुभयो । सहकारी बचत रकम अपचलन गरेको आरोपमा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ पर्नुभएको थियो । उहाँमाथि कास्कीसहित अन्य जिल्लासमेत सहकारी ठगीको आरोपमा अनुसन्धान भइरहेको छ । यसै गरी जिल्ला प्रहरी कार्यालय कास्कीले सभामुख देवराज घिमिरेलाई पत्र लेखी चितवन क्षेत्र नं- २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य रवि लामिछानेविरुद्ध कास्की जिल्ला अदालतमा मुद्दा दायर गरिएकोबारे जानकारी गराएको छ । पत्रमा सहकारी ठगी, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी समेत मुद्दाको पूरक अभियोग पत्र दर्ता भएको जनाइएको छ। सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा २७ को प्रयोजनार्थ जानकारीका लागि अनुरोध गरिएको कार्यालयका प्रहरी उपरीक्षक श्यामबाबु ओलियाले हस्ताक्षर गर्नुभएको पत्रमा उल्लेख छ ।

प्रतिनिधिसभा, नेपाल प्रहरी प्रधान कार्यालय, गण्डकी प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरी प्रदेश कार्यालय, अपरोध जोहरी शाखा, गण्डकी शाखालाई पनि उक्त पत्र बोधार्थ दिइएको छ ।

## समृद्ध र शान्त समाज निर्माणका लागि ध्यान अभ्यासलाई प्रोत्साहन गर्नुपर्छ : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले समृद्ध र शान्त समाज निर्माणका लागि ध्यान अभ्यासलाई प्रोत्साहन गर्नुपर्ने बताएका छन् ।

विश्व ध्यान दिवसका अवसरमा शनिबार मन्त्रालयले पोखरा रंगशालामा आयोजना गरेको कार्यक्रमको उद्घाटन गर्दै मन्त्री थापाले ध्यानले व्यक्तिको मानसिक स्वास्थ्य, आत्मविश्वास र समग्र जीवनशैलीमा सकारात्मक प्रभाव

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सम्पति शुद्धीकरण निवारणमा नेपालको अवस्था सुधार्न उच्चस्तरीय बैठक

**रासस**
काठमाडौं ७ पुस

सम्पति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे मूल्याङ्कन र सुधारको भावी कार्यदिशाबारे प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा शीर्ष राजनीतिक नेतृत्व, उच्च प्रशासनिक नेतृत्व र सम्बन्धित निकायका प्रतिनिधिबीच आज उच्चस्तरीय छलफल भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार भएको छलफलमा नेपाली कांग्रेससका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, उपप्रधानमन्त्री, मन्त्रीगण, राजनीतिक संयन्त्रमा रहेका नेता नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेल, नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्का, कांग्रेस महामन्त्री गगनकुमार थापालगायत सहभागी बैठकमा सम्पति शुद्धीकरण निवारणमा नेपालको अवस्थाबारे प्रस्तुतिकरण गरिएको थियो । फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानीजस्ता गैह्रकानुनी क्रियाकलाप निवारण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण गरेको छ । सदस्य राष्ट्रले एफएटिएफका मापदण्ड पालना गर्नुपर्नेछ । नेपाल २०५९ सालमा एफएटिएफको सदस्य भएको थियो । तत्पश्चात यस क्षेत्रमा कानुनी, नीतिगत र संरचनागतरूपमा काम हुँदै आएका छन् । एसिया प्रशान्त क्षेत्रमा एसिया प्यासिफिक ग्रुप अन मनी लाउण्डरिङ (एपिजी)ले यहाँका मुलुकबीच यस विषयमा साझा काम गर्दै आएको छ ।

एपिजीले गरेको मूल्याङ्कनमा नेपालसहित विश्वका २५ मुलुक 'जुरिस्डिक्सन अण्डर इन्क्रिइज्ड मनिटरी' (ग्रे लिस्ट)मा पर्ने अवस्थामा रहेकाले यसमा सुधारका लागि बैठकमा सघन छलफल भएको थियो । आगामी जनवरीमा फिलिपिन्समा हुने एपिजीको 'फेस टु फेस' बैठकमा नेपालको राजनीतिक प्रतिबद्धता र सुधारका पहलससिहत प्रस्तुति राखेर नेपाललाई 'ग्रे लिस्ट'मा पर्न नदिन पहल गर्न छलफलका क्रममा सुझाव दिइएको छ ।

छलफलमा प्रधानमन्त्री ओलीले यसलाई सबैले गम्भीरतापूर्वक लिएर स्थितिमा सकारात्मक परिवर्तन ल्याउन भोलिदेखि नै प्रभावकारीरूपमा काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आर्थिक क्रियाकलापमा कतै बढी कडाइ र कतै बढी नरम हुँदा असन्तुलन देखिएको तथा अनेक कार्यविधि र संयन्त्रका कारण उद्योगी, व्यवसायी निरुत्साहित पनि भएकामा यस अवस्थामा सुधार ल्याउनुपर्ने बताउनुभयो । उहाँले भर्खरै स्थिरताको लक्ष्यका साथ नयाँ सरकार बनेको र स्थितिमा सुधार गर्न पहल गरिरहेकाले भरपर्दो राजनीतिक प्रतिबद्धताका साथ अन्तर्राष्ट्रिय मञ्चलाई त्यही आधारमा रिपोर्टिङ गर्नुपर्ने बताउनुभयो । नेपाली कांग्रेसका सभापति देउवाले कसले कहाँ के सामान किन्छ भन्ने हिसाब किताब नै नहुने भएकाले सम्पत्ति शुद्धीकरणलाई कार्यान्वयन गर्नु गाह्रो कुरा हो भन्नुभयो । उहाँले आर्थिक कारोबारका विविध पक्षबारे जनतालाई सिकाउनुपर्ने र स्थितिमा सुधार ल्याउनुपर्नेमा जोड दिनुभयो । सम्पति शुद्धीकरणको अवस्थामा सुधार ल्याउन सरकारले गत असार १७ गतेको मन्त्रिपरिषद्को निर्णयबाट नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति स्वीकृत गरेको छ । यही पुस ५ गतेको मन्त्रिपरिषद्को बैठकले सम्पत्ति शुद्धीकरण निवारणका लागि तीन नियमनकारी निकाय तोक्ने निर्णय गरेको थियो । सो बैठकले सवारीसाधन खरीद कर्जा प्रवाह गर्ने व्यवसायी र सामाजिक सुरक्षा कोषका लागि नेपाल राष्ट्र बैंक, सवारीसाधन बिक्री गर्ने व्यवसायीका लागि यातायात व्यवस्था विभाग र इन्भेस्टमेन्ट कम्पनीका लागि नेपाल धितोपत्र बोर्डलाई नियमनकारी निकाय तोकेको थियो ।

## प्रधानमन्त्रीद्वारा संस्कृतमा नेपाल र पोखरामा केसीलाई उपकुलपति नियुक्त

**रासस**
काठमाडौं ७ पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल संस्कृत विश्वविद्यालयको उपकुलपतिमा प्राडा धनेश्वर नेपाल र पोखरा विश्वविद्यालयको उपकुलपतिमा प्राडा वेदराज केसीलाई नियुक्त गर्नुभएको छ ।

दुवै विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री ओलीले आइतबार रिक्त उपकुलपतिमा नेपाल र केसीलाई नियुक्त गर्नुभएको उहाँको सचिवालयले जनाएको छ । नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ ज्योतिष विभागका अध्यक्ष रहनुभएका प्राडा नेपालले यसअघि विश्वविद्यालयका परीक्षा नियन्त्रक भएरसमेत काम गरिसक्नुभएको छ । उहाँले नेपाल प्राध्यापक सङ्घ, नेपाल संस्कृत विश्वविद्यालयको महासचिव रहेर पनि काम गरिसक्नुभएको छ । प्रजातन्त्रवादी प्राध्यापकका रूपमा सक्रिय नेपालले १३ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपकुलपतिमा नियुक्त हुनुभएको हो ।

यसैगरी पोखरा विश्वविद्यालयको उपकुलपतिमा नियुक्त केसीले १२ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपकुलपति नियुक्त हुनुभएको हो । केसी नेपाल प्रगतिशील प्राध्यापक सङ्गठनका अध्यक्ष हुनुहुन्छ ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# भद्रकाली माविमा वार्षिक खेलकुद सुरु

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस

पोखरा महागनरपालिका वडा १३ स्थित श्री भद्रकाली मा. बि. मा शैक्षिक सत्र २०८१ को वार्षिक खेलकुद प्रतियोगिता आइतवारदेखी सुरु भयो ।

विभिन्न बिधा अन्तर्गत शिशु देखि कक्षा १२ सम्मका बिद्यार्थीहरुको सहभागिता रहने छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोक बहादुर कार्कीले कक्षा ११ र १२ को छात्र तर्फको भलिबल खेलका रेफ्रीलाई बल प्रदान गरेर खेल उद्घाटन गर्नुभयो । जीवनमा खेलको महत्व अझ फराकिलो र गहिरो भएको भन्दै किताबी ज्ञान सँगै खेलकुदलाई पनि सँगै सँगै लैजानु पर्ने धारणा राख्नु भयो। विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले खेलले जीवनमा सकारात्मक उर्जा दिने धारणा राख्नुभयो । सप्ताह व्यापी रुपमा संचालन हुने प्रतियोगितामा प्री-प्राइमरीमा इन आउट, मिठाई



खोज, मार्बल रेस, आधारभुत तहमा म्याथ रेस, म्युजिकल चेयर, इन आउट, स्याक रेस, मेमोरी परिक्षण र दौड प्रतियोगिता हुने विद्यालयका अतिरिक्त क्रियाकला संयोजक मीनवहादुर साउदले पोखरापत्रलाई वताउनु भयो। मा. वि. तहमा बास्केटबल, भलिबल, फुटबल, टग अफ वार, शटपुट आदि खेलहरु रकेका संयोजक मिनले भन्नुभयो। पहिलो दिनको खेलमा भलिबल अन्तर्गत छात्र तर्फ शिक्षा समूह प्रथम र ब्यबस्थापन (नेपाली) दोस्रो भए। त्यसैगरी छात्रा बास्केटबलको फाइनल खेलमा व्यवस्थापन (नेपाली माध्यम) प्रथम र व्यवस्थापन अग्रेजी माध्यम द्धित्तिय भए । छात्रा (६-१२) अन्तर्गतको अन्तिम खेलमा पहेलो सदनले प्रथम स्थान प्राप्त गऱ्यो भने निलो सदनले द्धित्तिय स्थान प्राप्त गरेको थियो । साथै शिशु देखि आधारभुत तहमा पनि प्रथम चरणका विभिन्न खेलहरु सम्पन्न भएको प्रतियोगिता ब्यवस्थापनका संयोजक जीवन बुढाथोकीले पोखरापत्रलाइ वताउनुभयो ।

# पोखरामा नेपाल–चीन मैत्रिपूर्ण 'ड्रागन वोट रेस' हुने

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस

नेपालको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यही पुस १४ गतेदेखि नेपाल-चीन मैत्रिपूर्ण 'ड्रागन वोट रेस' प्रतियोगिता हुने भएको छ । पर्यटकीय राजधानी पोखरामा हुने दोस्रो सङ्करणको ड्रागन वोट रेस प्रतियोगिता दुई दिनसम्म सञ्चालन हुनेछ।

प्रतियोगितामा नेपालका ११, चीनका आठ र सिङ्गापुरका एक गरी २० वटा समूहको सहभागिता रहने आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो।

गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजना तथा नेपाल ड्रागन वोट एसोसिएसन, पोखरा पर्यटन परिषद् र पोखरा ओभरसिज चाइनिज एसोसिएसनको सह-आयोजनामा ड्रागन वोट रेस आयोजना हुने भएको हो।

दुई सय र पाँच सय मिटर दूरीमा आयोजना गरिने प्रतियोगितामा दुवै दूरीका प्रथम विजेता समूहले पाँच हजार डलर, उपविजेताले दुई हजार डलर, तृतीयले एक हजार दुई सय डलर पुरस्कार प्राप्त गर्नेछन् । त्यसैगरी, सहभागी बाँकी १७ समूहलाई प्रतिसमूह पाँच सय डलर प्रदान गरिने आयोजकले जनाएको छ।

ड्रागन वोटको दोस्रो संस्करण पनि फेवाताल हुनेछ । चीन सरकारको अगुवाइमा नेपालमा पहिलो पटक सन् २०२३ मा उक्त प्रतियोगिता आयोजना गरिएको थियो । चीनले यस खालका प्रतियोगिता विश्वका ५० देशमा आयोजना गर्दै आएको छ।

पत्रकार सम्मेलनमा नेपालका लागि चिनियाँ राजदूतावासमा डेपुटी चिफ अफ मिशन वाङ सिनले प्रतियोगिताले नेपाल र चीनका नागरिकबीच सुमधुर सम्बन्ध स्थापित हुनाको साथै नेपालको पर्यटन प्रवर्द्धन हुने अपेक्षा राखिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "नेपाल र चीनबीचको संस्कृति आदनप्रदानका साथै नेपालको पर्यटन उद्योगको विकास गर्न, नेपालको पर्यटकीय क्षेत्र र खेलकुदको अन्तर ाष्ट्रियस्तरमा प्रचार गरी विकास गर्न प्रतियोगिता उपयोगी हुनेछ । नेपालको पर्यटन प्रवर्द्धन गर्न चीन सधैँ सकारात्मक छ ।" बोर्डका कार्यकारी प्रमुख दीपकराज जोशीले चीन नेपालको प्रमुख पर्यटकीय बजार भएको उल्लेख गर्दै ड्रागन वोट रेसले पोखराको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले ड्रागन वोट रेसले पोखराको पर्यटनमा नयाँ आर्कषण थपेको बताउनुभयो । "यो आकर्षक प्रतियोगिता भएकाले उत्साहित छौँ । नेपालको दोस्रो ठूलो स्रोतबजारबाट पर्यटकलाई आकर्षण गर्न र गन्तव्य प्रवर्द्धन गर्न यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ", कार्यकारी प्रमुख जोशीले भन्नुभयो, "प्रतियोगितालाई विगतभन्दा अझ सशक्त र प्रभावकारी बनाएर लैजान सकेमा चीनसँगको सम्बन्ध विस्तार हुने र थप प्रचारप्रसार भएर पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेछ।"

चिनियाँले मनाउने यस पर्वलाई सन् २००९ देखि युनेस्कोले मानवताको अमूर्त सांस्कृतिक सम्पदा मानेको छ । चीनमा प्रचलित लुनार क्यालेण्डरको पाँचौं महिनाको पाँच गते चीनमा 'ड्रागन वोट फेष्टिभल' आयोजना हुन्छ।

चीनका विभिन्न प्रान्तमा तीनदेखि सात दिनसम्म यस चाड मनाउने परम्परा रहेको छ । यस चाड मनाउन चीन सरकारले सार्वजनिक बिदा दिँदै आएको छ । चीनमा बालबालिकादेखि बुढाबुढीसम्मले हर्षोल्लासपूर्वक यस चाड मनाउने गर्दछन् । चिनियाँ भाषामा 'डुआन्वु जी' भनिने ड्रागन वोट फेष्टिभल चीनको चार ठूला चाडमध्ये एक हो । चीनमा ड्रागनलाई सकारात्मक शक्तिको रूपमा लिइने गरिन्छ।

सन् २०१९ मा चीनबाट एक लाख ६९ हजार पाँच सय ३४ र २०२३ मा ६० हजार आठ सय ७४ पर्यटकले नेपाल भ्रमण गरेका छन् । सन् २०२४ को जनवरीदेखि नोवेम्बरसम्म ९२ हजार आठ सय ४८ चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेका पर्यटन बोर्डले जनाएको छ । प्रतियोगितामा सहभागी हुन चिनियाँ खेलाडिसहितको प्रतिनिधिमण्डल विमान चार्टड गरेर पोखरा आउने आयोजकले जनाएको छ।

# 'सिक्लेसको मौलिकता पर्यटनको महत्वपूर्ण आधार'

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस

कास्कीको पर्यटकीय गाउँ सिक्लेसको मौलिकता संरक्षण गर्नुपर्नेमा पर्यटन व्यवसायीले जोड दिएका छन्।

गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशको आयोजनामा शनिबारदेखि सुरु पोखरा हुँदै सिक्लेस-कपुचे-कोरी-क्होलासोँथर-याङ्जाकोटबाट पुनः पोखरासम्मको पदमार्ग प्रवर्द्धन कार्यक्रम अन्तर्गत सिक्लेसमा आयोजित अन्तर्क्रियाका सहभागीले सिक्लेसको मौलिकता गुम्न दिन नहुनेमा जोड दिएका हुन् । गुरुङ पर्यटन व्यवसायी सङ्घ गण्डकी प्रदेशका अध्यक्ष किसमकुमारी गुरुङले सिक्लेसको संस्कार र संस्कृति यहाँको मौलिकता भएको बताउनुभयो । मौलिकतालाई जोगाउँदै पर्यटकीय विकास गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । सङ्घका गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं कार्यक्रम संयोजक बोबरजङ्ग




गुरुङले यो क्षेत्र गुरुङहरूको ऐतिहासिक स्थल भएको बताउँदै यहाँ प्राचीनकालदेखिका संस्कार र संस्कृति रहेको बताउनुभयो । सिक्लेसलगायतका गुरुङ गाउँहरू समेटेर यहाँबाट कपुचे, कोरी, क्होलासोँथर समेटेर गुरुङ सम्पदा पदमार्ग विकास गर्न खोजिएको उहाँलेबताउनुभयो।मादीगाउँपालिका-१ का वडाध्यक्ष देवीजङ्ग गुरुङले क्होलासोँथरबाट गुरुङ समुदायका व्यक्ति पहिलोपटक बसाइ सरेर आएको स्थल सिक्लेस भएको बताउँदै यहाँको मौलिकतालाई पर्यटकीय रूपमा उपयोग गर्न काम गरिरहेको उल्लेख गर्नुभयो। नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले बढ्दो बस्ती विकाससँगै देशका विभिन्न पदमार्ग छोटिँदै गएको अवस्थामा गुरुङ सम्पदा पदमार्ग एउटा महत्त्वपूर्ण विकल्प हुने धारणा राख्नुभयो । सिक्लेसमा शान्ति प्रक्रियाको सुरुआत भएको गन्तव्यका रूपमा शान्ति स्तम्भ बनाइएको छ । यहाँस्थित 'इको म्युजियम'लगायत धेरै पर्यटकीयस्थल छन्। आगामी पुस १३ गतेसम्म हुने पदमार्ग प्रवर्द्धन कार्यक्रममा नेपाल पर्यटन बोर्ड, उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश, मादी गाउँपालिका र गुरुङ पर्यटन व्यवसायी सङ्घले सहयोग गरेका छन्।

# भूपी काव्य पुरस्कार असफल गौतमलाई

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस

थकाली सेवा समिति पोखराद्वारा सञ्चालित भूपी काव्य पुरस्कार साहित्यकार तथा समालोचक असफल गौतमलाई प्रदान गरिने भएको छ।

नेपाली साहित्यका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने स्रष्टालाई हरेक दुई वर्षमा अर्पण गरिदै आएको पुरस्कारको राशि ५० हजार रूपैयाँ र ताम्रपत्र रहेको छ । नेपाली साहित्यका क्षेत्रमा भूपीको योगदानलाई चिरस्थायी बनाउन समीक्षा र समालोचनाका माध्यमबाट व्यक्तिगत तथा संस्थागत हिसाबले कलम चलाएर पुऱ्याएको योगदानको उच्च कदर गर्दै यो वर्ष असफललाई सम्मान गर्न लागिएको प्रतिभा छनौट समितिका संयोजक ई. रुजिन्द्र तुलाचनले जानकारी दिए। पुतलीबजार-७, स्याङ्जामा जन्मेकाअसफलगौतमका'सबैका सारथि संगी' (जीवनी-२०७७), 'मानवअधिकार गीत' (२०७४), 'सत्तलमा सिर्जना' (गजलसङग्रह-२०७१), 'हाइकुः आलेख र अभिलेख' (इतिहास-२०७०), 'नेपालका भाट जातिको अध्ययन' (इतिहास-२०६९), 'दुर्गाबहादुर शाह बाबाः व्यक्तित्व र कृतित्व' (समालोचना-२०६९), '



बिस्कुन' (समालोचना-२०६८), 'सिलोक बन्दै छन्' (मुक्तकसङ्ग्रह-२०६७), 'समसामयिक तीजे गीतसङ्ग्रह' (२०६७), 'सङ्घर्षका पाइलाहरू' (सामाजिक उपन्यास-२०६६), 'पीपलपाते ओठ' (लोकदोहोरी एल्बम-२०६१) र 'चट्टै कम्मरमा' (लोकदोहोरी एल्बम-२०६०) प्रकाशित छन् । नेपाली साहित्य र राजनीतिशास्त्रमा स्नातकोत्तर गरी झण्डै चार दर्जन पुस्तक सम्पादन गरिसकेका उनका राष्ट्रिय-स्थानीय पत्रपत्रिकामा पाँचसय बढी समालोचनात्मक, अनुसन्धानात्मक र फुटकर रचना प्रकाशित छन । असफल रूना साहित्य पुरस्कार, सङ्घर्षशील सामाजिक पुरस्कार, अन्तर ाष्ट्रिय स्रष्टा साहित्य चौतारी पुरस्कार, ज्योतिष भविष्यवाणी पत्रकारिता पुरस्कार, राष्ट्रिय लेख प्रतियोगिता प्रथम पुरस्कार, खुला गजल प्रतियोगिता द्वितीय पुरस्कार, राष्ट्रिय निबन्ध प्रतियोगितामा उत्कृष्ट पुरस्कार, उत्कृष्ट मुक्तककार पुरस्कारबाट पुरस्कृत हुनुका साथै झण्डै तीन दर्जन संघसंस्थाबाट विभिन्न सम्मानबाट सम्मानित भइसकेका छन्। स्वतन्त्र पत्रकार संघ नेपाल कास्कीका निवर्तमान अध्यक्ष उनी सङ्घर्षमा कलम साहित्य समाजका संस्थापक अध्यक्ष हुन्। लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनका पूर्व अध्यक्ष उनीसँग आदर्श समाज राष्ट्रिय दैनिकमा ग्राफिक डिजाइनर, रिपोर्टर तथा डेस्क सम्पादक भई काम गरेको अनुभवसमेत छ।

उनी मानवअधिकार पत्रकार सङ्घ गण्डकीका अध्यक्ष, अन्तर ाष्ट्रिय नेपाली साहित्य समाज गण्डकीका महासचिव, डागर स्मृति प्रतिष्ठान नेपालका सचिव, जरोटुप्पो संरक्षण साहित्य समाज नेपालका कोषाध्यक्ष रहेका छन्।

स्मरण रहोस्, आफूले प्राप्त गरेका सम्मान तथा पुरस्कारबाट विभिन्न संघसंस्थामा अक्षयकोष स्थापना गरी शिक्षा, साहित्य र समाजसेवाका क्षेत्रमा सेवा गर्दै आएका असफल ऋषिराम स्मृति कोष, अभिभावक स्मृति कोष र गौरीमाया स्मृति छात्रवृत्ति कोषका संस्थापकसमेत हुन्। विस १९९२ पुस १० गते मुस्ताङमा जन्मिएका भूपीका 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासङ्ग्रह (२०२५), 'परिर्वतन' (नाटक, २०१०), 'नयाँ झयाउरे' (कविता, २०१०) र 'निर्झर' (कविता, २०१५) प्रकाशित छन् । उनको 'घुम्ने मेचमाथि अन्धो मान्छे' कवितासङ्ग्रहलाई नेपाली कविताको विशिष्ट कृति मानिन्छ । उक्त कृतिले २०२६ सालको साझा पुरस्कारसमेत प्राप्त गर्न सफल भएको थियो । भूपी शेरचनको ९१ औं जयन्ती समारोहबीच यही १० पुसमा पोखरामा भव्य समारोह आयोजना गरी असफललाई पुरस्कार अर्पण गरिने थकाली सेवा समितिका अध्यक्ष तेजेन्द्र तुलाचनले जानकारी दिए।

भूपी शेरचनको स्मृतिमा उहाँको परिवारद्वारा स्थापित उक्त पुरस्कारबाट यस अगाडि साहित्यकार सरस्वती प्रतीक्षा, मोमिला, रत्नशमशेर थापा, तीर्थ श्रेष्ठ र उषा शेरचन पुरस्कृत भइसकेका छन्।

# पूर्व राष्ट्रपति भण्डारीद्वारा सराङ्कोट क्षेत्रको निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा ७ पुस

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले सराङ्गकोट धार्मिक पर्यटन क्षेत्रको निरीक्षण सहित शिव मन्दिरमा विशेष पूजा गरेकी छन्।

निरीक्षणका क्रममा पूर्वराष्ट्रपति भण्डारीले राष्ट्रको हितलाई महत्वमा राखी धार्मिक पर्यटन क्षेत्रको विकास गर्न सके पर्यटन क्षेत्रको विकास हुने बताइन्। आफनो भ्रमण राजनितिक रुपमा नभई नेपालको पर्यटन, धार्मिक क्षेत्रको अवलोकन मात्र भएकोले सबैले साझा रुपमा बुझी, सदभाव कायम गर्न आफु प्रतिबद्ध रहेको बताइन्। अवलोकनको अवसरमा समितिका संरक्षक भागवत भाष्कर पण्डित कमल नयन गौतमले धार्मिक क्षेत्रको विकास संरक्षणले नै नेपालको परिचय विश्वमाझ गराउन सक्ने बताए।

विश्व माझ धार्मिक एंव पर्यटन क्षेत्रको रुपमा परिचित



सराङ्गकोटलाई बृहत क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यले १८ वर्ष अघिदेखि निर्माण शुरु गरिएको विशाल शिव मन्दिर, पञ्चमुखी गणेश मन्दिर, भूमिकालिका भैरव, १०८ शिवमूर्ति, भ्यू टावरको निर्माण गरीएको समितिको अध्यक्ष प्रेम बहादुर जि.सि.ले बताए । करिब ३५ करोड लगानी भएको निर्माणाधिन विशाल शिव मन्दिर, पञ्चमुखी गणेश भूमी, यज्ञशालि, भूमिकालिका भ्यूटावरको उद्धघाटन सहित साताव्यापी यज्ञ यहि फागुन १४ गतेदेखि २१ गतेसम्म गर्न लागेको उनले बताए । सो अवसरमा गण्डकी प्रदेशका भौतिक पूर्वाधार मन्त्री प्रकाश के.सी., पोखरा महानगरपालिकाका कार्यवाहक प्रमुख मन्जुदेवी गुरुङ्ग, वडाध्यक्ष शिवप्रसाद तिमिल्सिना, गण्डकी प्रदेशसभाका पूर्व उपसभामुख सृजना शर्मा लगायतले निरीक्षण सहित सो क्षेत्रको विकासमा सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए।

## समृद्ध ...

पुऱ्याउने बताए।

"ध्यान, योग र मानसिक स्वास्थ्यले हाम्रो जीवनमा पुऱ्याउने योगदान आज मात्र होइन मानव सभ्यताकै इतिहासदेखि नै महत्वपूर्ण रहँदै आएको छ। ध्यान केवल व्यक्तिगत शारीरिक वा मानसिक स्वास्थ्यको माध्यम मात्र नभई शान्ति, स्थिरता र सकारात्मक सामाजिक परिवर्तनका लागि पनि मार्गदर्शन हो । ध्यानले मानिसलाई आफ्ना सोच, विचार र व्यवहारमा अनुशासन ल्याई सशक्त र सकारात्मक जीवन जिउन प्रेरित गर्दछ", उनले भने । मन्त्री थापाले गण्डकी प्रदेश प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र समृद्ध परम्पराले भरिपूर्ण भएकाले ध्यान र योग जस्ता विधालाई अझै बढी प्रोत्साहन दिन आवश्यक रहेको उल्लेख गरे। प्रदेशलाई ध्यान र मानसिक स्वास्थ्यको गन्तव्यका रूपमा विकास गर्न सरकार गम्भिर रहेको उनले बताए।

युवापुस्तालाई मानसिक र शारीरिक रूपमा सबल बनाउन मन्त्रालय निरन्तर सक्रिय रहेको उनले उल्लेख गरे । ध्यानको अभ्यासलाई आफ्नो दैनिकीमा समावेश गर्दै मानसिक र शारीरिक सन्तुलनको बाटोमा लाग्न सबैलाई मन्त्री थापाले आग्रह गरेका छनु । जीवन विज्ञान प्रतिष्ठान, पतञ्जलीयोग समिति नेपाल, ओशो उपवन आध्यात्मिक ग्राम, समर्पण ध्यान योग नेपाल, पातञ्जल योग समिति नेपाल, द आर्ट अफ लिभिङ पोखरा नेपाल, मनोक्रान्ति अभियान तथा विकासानन्द फाउण्डेसन विश्व परिवार संघ, ब्रह्मकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपालको सहआयोजनामा सम्पन्न भएको विश्व ध्यान दिवसको कार्यक्रम मन्त्रालयका निमित्त सचिव तोयानाथ लम्सालको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको सञ्चालन शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशका निमित्त महानिर्देशक अम्बिका प्रसाद आचार्यले गरेका थिए । डिसेम्बर ६, २०२४ मा संयुक्त राष्ट्रसङ्घको महासभाले २१ डिसेम्बरलाई विश्व ध्यान दिवसको रूपमा घोषणा गरेको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# एनपीएलले दिएको सन्देश

नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो पटक सफल रूपमा सम्पन्न गरेर नेपाल यामिक प्रलेर्थतन्त्रमा नयाँ सम्भावना अब खोज्नु पर्छ। शनिबारको अन्तिम खेलमा कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा देखिएको व्यापक दर्शक उत्साहले देशमा नयाँ सम्भावनाको ढोका खोलेको छ। अन्तिम दिन जनकपुर बोल्ट्स र सुदूरपश्चिम रोयल्सको खेल अति नै रामाञ्चक रह्यो। कठिन मेहनतमा जित जनकपुर बोल्ट्सको भयो र एक करोड १० लाख हात पाऱ्यो। जित र हार यो एनपिएलको मूल विषय होइन। मङ्सिर १५ गतेदेखि सुरु एनपिएलको यो महापर्वले समग्रमा नेपालको गौरव संसारसामु चिनायो। देशले राम्ररी पहिलो एनपिएल देशभित्रका धेरै टिमले उदाउने मौका पाए। अन्तिम खेलमा सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स पुगे। खेलमा साथ दिने काठमाडौँ गुर्खाज, चितवन राइनोज, विराटनगर किङ्स, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स र कर्णाली याक्सले सक्नु खेले। खेल अवधिभरमा आफ्नो टिमलाई सशक्त उतार्न भगीरथ प्रयास गरे। यसले देशभित्र क्रिकेटको भौगोलिक विस्तारलाई व्यापक बनायो। हरेक टोलीमा विदेशी खेलाडीसमेतको सहभागिताले विकासशील देश नेपालले विदेशी खेलाडीलाई महँगो मूल्यमा मैदानमा उतार्न सफल भयो। यसले विश्वका सामुन्ने विशिष्ट पहिचान दिन सक्ने अब्बल उदाहरण प्रस्तुत गरेको छ।

विश्व क्रिकेटकै चर्चित खेलाडीको उपस्थितिले नेपाली खेल र पर्यटन क्षेत्रमा ऊर्जा र उत्साह थपेको छ। प्रतियोगिताले नेपालमा पनि अन्तर्राष्ट्रियस्तरका ठुला कार्यक्रम गर्न सकिन्छ भन्ने सन्देश दिएको छ। एनपिएलमा सहभागी १५ देशका प्रख्यात खेलाडीको उपस्थितिले नेपालको पर्यटन प्रवर्धनसँगै युवा प्रतिभालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न प्रत्यक्ष सहयोग पुऱ्याएको छ। नेपालका होनाहार क्रिकेट प्रतिभासँगै ४३ विदेशी खेलाडी अनुबन्धित एनपिएल संसारको प्रख्यात टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुँदा नेपालबारे संसार परिचित भयो। खेल पर्यटनको नयाँ आयाम उद्भव भयो। अब विकास र विस्तारको खाँचो छ। त्यसका निम्ति क्रिकेट खेलको व्यापक पूर्वाधार विकास र विस्तार गर्न सरकारका नीति, योजना र कार्यक्रम अगाडि बढ्नु पर्छ। एक अर्बभन्दा बढीको कारोबार र आठ करोड रुपियाँभन्दा बढीको टिकट बिक्रीले क्रिकेट अब नेपाल प्रिमियर लिग (एनपिएल) पहिलो पटक सफल रूपमा सम्पन्न भएको छ। शनिबारको अन्तिम खेलमा कीर्तिपुर स्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा देखिएको व्यापक दर्शक उत्साहले देशमा नयाँ सम्भावनाको ढोका खोलेको छ। अन्तिम दिन जनकपुर बोल्ट्स र सुदूरपश्चिम रोयल्सको खेल अति नै रामाञ्चक रह्यो। कठिन मेहनतमा जित जनकपुर बोल्ट्सको भयो र एक करोड १० लाख हात पाऱ्यो।

पहिलो एनपिएल देशभित्रका धेरै टिमले उदाउने मौका पाए। अन्तिम खेलमा सुदूरपश्चिम रोयल्स र जनकपुर बोल्ट्स पुगे। खेलमा साथ दिने काठमाडौँ गुर्खाज, चितवन राइनोज, विराटनगर किङ्स, लुम्बिनी लायन्स, पोखरा एभेन्जर्स र कर्णाली याक्सले सक्नु खेले। खेल अवधिभरमा आफ्नो टिमलाई सशक्त उतार्न भगीरथ प्रयास गरे। यसले देशभित्र क्रिकेटको भौगोलिक विस्तारलाई व्यापक बनायो। हरेक टोलीमा विदेशी खेलाडीसमेतको सहभागिताले विकासशील देश नेपालले विदेशी खेलाडीलाई महँगो मूल्यमा मैदानमा उतार्न सफल भयो। यसले विश्वका सामुन्ने विशिष्ट पहिचान दिन सक्ने अब्बल उदाहरण प्रस्तुत गरेको छ। विदेशबाट आएको चर्चित खेलाडीले क्रिकेटलाई उज्ज्वल त बनाए नै सँगसँगै कतिपय खेलाडी सगरमाथाको काखमा पुगेर नेपालको पर्यटनलाई विश्वभर चिनाए। विश्व क्रिकेटका प्रसिद्ध खेलाडी वेस्ट इन्डिजका ब्रायन लारा आफ्नी छोरीका साथ नेपाल आएको समाचारले संसारलाई चकित बनायो। अझ चकित बनाउने विषय त उनले सगर पदयात्रा गरे। सो तस्बिर अहिले संसारभर भाइरल भइरहेको छ।

विश्व क्रिकेटकै चर्चित खेलाडीको उपस्थितिले नेपाली खेल र पर्यटन क्षेत्रमा ऊर्जा र उत्साह थपेको छ। प्रतियोगिताले नेपालमा पनि अन्तर्राष्ट्रियस्तरका ठुला कार्यक्रम गर्न सकिन्छ भन्ने सन्देश दिएको छ। एनपिएलमा सहभागी १५ देशका प्रख्यात खेलाडीको उपस्थितिले नेपालको पर्यटन प्रवर्धनसँगै युवा प्रतिभालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न प्रत्यक्ष सहयोग पुऱ्याएको छ। नेपालका होनाहार क्रिकेट प्रतिभासँगै ४३ विदेशी खेलाडी अनुबन्धित एनपिएल संसारको प्रख्यात टेलिभिजनबाट प्रत्यक्ष प्रसारण हुँदा नेपालबारे संसार परिचित भयो। खेल पर्यटनको नयाँ आयाम उद्भव भयो। अब विकास र विस्तारको खाँचो छ। त्यसका निम्ति क्रिकेट खेलको व्यापक पूर्वाधार विकास र विस्तार गर्न सरकारका नीति, योजना र कार्यक्रम अगाडि बढ्नु पर्छ। एक अर्बभन्दा बढीको कारोबार र आठ करोड रुपियाँभन्दा बढीको टिकट बिक्रीले क्रिकेट अब नेपाली जस्तोसुकै काम लिन सकिन्छ भन्ने सन्देश दिएको छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : शत्रुको भय |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# अबको केही दिन चिसो बढ्ने

**रासस**
काठमाडौं ७ पुस

नेपालको पश्चिमी भूभागमा अबको केही दिन पुनः चिसो बढ्ने भएको छ। पश्चिमी न्यूनचापीय प्रणालीका कारण नेपालको पश्चिमी क्षेत्रमा बदलीको अवस्था रहने, बादल लाग्ने र हल्का वर्षा तथा हिमपातसँगै चिसो बढ्ने सम्भावना रहेको छ।

जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाकी वरिष्ठ मौसमविद् शान्ति कँडेल भने सोमबार अझै बढ्ने देखिएको उहाँले बताउनुभयो। त्यसको असर लुम्बिनी प्रदेशसम्म नै पर्ने र केही असर काठमाडौँसम्म आइपुग्ने उहाँले बताउनुभयो। मौसमविद् कँडेलले भन्नुभयो, "पश्चिमबाट पूर्वतर्फ आउँदा प्रणाली कमजोर हुँदै आउने र काठमाडौँमा पनि थोरै बदली भई छिटफुटसम्म वर्षा हुनसक्ने छ, चिसो पनि केही बढ्ने छ।" प्रणाली लुम्बिनीमा आइपुग्दा भने कमजोर हुने र त्यसको सामान्य असरमात्रै पूर्व तथा मध्यतिर पर्ने जनाइएको छ। यसले पश्चिम नेपालका हिमाली क्षेत्रमा बढी हिउँ पर्ने र पश्चिम नेपालका तराईका क्षेत्रमा चिसो बढ्ने देखिन्छ। अहिले पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। यसका कारण कोशी, बागमती, गण्डकी तथा कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भागमा आंशिक बदलीको अवस्था रहेको छ। बाँकी भूभागमा सामान्यतया मौसम सफा रहेको छ। आगामी २४ घण्टामा कोशी प्रदेशको उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा छिटपुटदेखि हल्का वर्षा र हिमपातको सम्भावना छ। बिहानको समयमा तराई तथा उपत्यकाका केही स्थानमा हुस्सु लाग्नुका साथै तराईका थोरै स्थानमा कुहिरो लाग्ने सम्भावना रहेकाले सो समयमा दैनिक जनजीवन, पर्यटन, पर्वतारोहण, सडक यातायात तथा हवाई उड्डयनमा असर पर्न सक्ने हुनाले आवश्यक सतर्कता अपनाउनु महाशाखाले अनुरोध गरेको छ।

# भारतीय गायक सोनु निगम नेपाल आउँदै

**रासस**
काठमाडौं, ७ पुस

भारतका प्रसिद्ध गायक सोनु निगमले नेपाली दर्शकसँग साक्षात्कार गर्न प्रतीक्षारत रहेको बताउनुभएको छ।

यही पुस १० गते बौद्ध तुसालमार्गस्थित ह्यात चौरमा हुने 'सोनु निगम लाइभ इन नेपाल' नामक साङ्गीतिक कार्यक्रमका लागि भिडियो सन्देश पठाउँदै उहाँले नेपालीसँग पहिलोपटक साक्षात्कार हुने बताउनुभयो। उहाँले भन्नुभयो, "मैले नेपाली गीत धेरै गए पनि नेपालमा कन्सर्ट भने गरेको छैन। अहिले नेपालीसँग साक्षात्कार गर्ने अवसर जुटेकोछ, म उक्त दिनको प्रतीक्षामा छु। नेपाली र भारतीय गीतमार्फत उपस्थित दर्शकलाई मनोरञ्जन दिन कुनै कसर बाँकी राख्ने छैन।"आयोजक संस्था नेपाली टच नेपालका निर्देशक अभिनाश घिमिरेले गायक निगम पछिल्लो समय माग भएका गायकसँगै नेपाली गीतसङ्गीत पनि प्रस्तुत गर्न सक्ने भएकाले नेपाल ल्याउन लागिएको बताउनुभयो। "उहाँले धेरै नेपाली गीत गाउनुभएको छ। यसअघि नेपालमा उहाँलाई लिएर कन्सर्ट आयोजना भएको छैन। सोही कारण हामीले उहाँलाई नेपालीमाझ प्रस्तुत गर्न लागेका हौं।

# तेह्रौं संस्करणको पोखरा महोत्सवको तयारी तीव्र

**पोखरापत्र संवाददाता**
बागलुङ ७ पुस




तेह्रौं संस्करणको पोखरा महोत्सवको तयारी तीव्र पारिएको छ। आगामी पुषको २५ देखि माघको ७ गते सम्म पोखराको अमर सिंह चौरमा आयोजना हुने तेह्रौं संस्करणको पोखरा महोत्सवको तयारी तीव्र रुपमा अगाडी वढाइएको छ। महोत्सव आयोजक युनाईटेड क्लब पोखराले आइतबार पत्रकार सम्मेलनको आयोजना गरी महोत्सवको तयारी तीव्र पारिएको जनाएको हो।

शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धनको क्षेत्रमा काम गर्दै आइरहेको युनाईटेड क्लबले तेह्रौं संस्करणको पोखरा महोत्सवबाट युनाईटेड छात्राबास निर्माणको लागि अगाडी बढ्ने भएको छ। युनाईटेड क्लबले पोखरा २७ अर्चलेमा रहेको आफ्नै जग्गामा गरिब तथा आर्थिक विपन्न परिवारका वालवालिकालाई लक्षित गरी युनाईटेड छात्राबास निर्माणका लागि हालै शिलान्यास कार्यक्रम सम्पन्न भइसकेको र डिपीयार अनुरुप निर्माण कार्य अगाडी बढेको महोत्सव प्रचार प्रसार संयोजक तथा युनाईटेड क्लबका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए। सुनारका अनुसार उक्त छात्राबासलाई क्लबले निकट भविष्यमा विद्यालयको रुपमा सञ्चालन गर्ने लक्ष्य रहेको छ।

शिक्षा संगै स्वास्थ्य, खेलकुद र पर्यटनको क्षेत्रलाई समेत निरन्तरता भने रहने उनले बताए। १३ औं संस्करण सम्म आइपुग्दा युनाईटेड क्लबले पोखरा महोत्सवको आयोजना गरी शिक्षा क्षेत्रमा पोखरा र आसपासका रहेका विभिन्न सामुदायिक विद्यालयहरुमा छात्रबृत्ति अक्षयकोष स्थापना गरी शैक्षिक सामाग्रीहरु वितरण गरिसकेको छ। त्यसैगरी स्वास्थ्य क्षेत्रमा विभिन्न ग्रामीण बस्तीमा लक्षित गरी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको र खेलकुदको क्षेत्रमा क्लब आफैले खेलकुद प्रतियोगिता आयोजना गर्दै विभिन्न खेलकुद प्रतियोगितामा प्रायोजन, सहयोगी संस्था, प्रर्वद्धक एवं सहभागीता जनाउदै आइरहेको प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

पर्यटन प्रवर्द्धन तर्फ पोखरामा खुल्ला चिडियाखानाको अवधारणा लिई पोखरा महानगरपालीकाको पचभैया क्षेत्रमा पर्ने सामुदायिक बनहरुलाई समेटेर चिडियाखाना निर्माणको पहल गरेको र हाल उक्त काम गण्डकी प्रदेश सरकारको प्रदेश गौरवको ओजनामा समावेश भइ काम भइरहेको क्लबका संस्थापक अध्यक्ष हिमालय बखेलले बताए। युनाईटेड क्लबका निवर्तमान अध्यक्ष तथा महोत्सवका कार्यसम्पादन उप समिति संयोजक राजु श्रेष्ठले पोखरा महोत्सवको आयोजना गरी सेती नदी संरक्षणमा समेत काम गर्ने उद्देश्यले अगाडी वढिरहेको र त्यसका लागि पोखरा महानगरसंग सहकार्य गरेर अगाडी बढ्ने वताए। क्लबका प्रथम उपाध्यक्ष शान्त बहादुर थापाले युनाईटेड क्लब र अमरसिंह माविको सहकार्यमा पोखरा महोत्सव १३ औं संस्करण सम्म आइपुगेको बताए। महोत्सव बाहेक युनाईटेड क्लबले नेपालीहरुको दोश्रो ठूलो पर्व तिहारको अवसरमा देउसी भैलो कार्यक्रमको आयोजना गरी त्यसबाट बचत भएको रकमबाट विपद व्यवस्थापन कोष स्थापना गरी विपदका घटनाबाट प्रभावितहरुलाई सहयोग गर्दै आएको क्वलले जनाएको छ। महोत्सवकै माध्यामबाट सेती नदी खोचलाई शाहसिक पर्यटकीय गन्तब्य स्थल बनाउन समेत सम्बन्धित निकाय समक्ष पहलकदमी गर्दै आइरहेको छ। १२ दिन सम्म सञ्चालन हुने महोत्सवमा २५० स्टल रहने र महोत्सवको सम्पूर्ण स्टलहरु पूर्ण रुपमा बुकिङ भइसकेको महोत्सव प्रचार प्रसार संयोजक सुनारले बताए। महोत्सवमा २ लाख ५० हजार दर्शकले प्रत्यक्ष अवलोकन गर्ने अनुमान आयोजकले जनाएको छ। त्यसैगरी महोत्सबबाट १ करोड ५१ लाख ७५ हजार आम्दानी र १ करोड १७ लाख ५० हजार खर्च भइ २८ लाख १५ हजार बचत गर्ने लक्ष्य आयोजकले राखेको छ।

पोखरा महोत्सवले देशको कला, संस्कृति, भेषभुषाको संरक्षण, शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटनको विकास गरी देशलाई समृद्धि तिर पुऱ्याउनु, विकसित सुचना प्रविधिको जानकारी सर्वसाधारण समक्ष पुऱ्याउने, गण्डकी प्रदेशमा रहेका पर्यटकीय स्थानको बारेमा जानकारी दिदै आन्तरिक तथा बाह्य क्षेत्रमा उत्पादित वस्तुहरुको बजार सहजीकरण गराउने, सवै कलाकारहरुको प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने, आर्थिक चलायमान गराई रोजगार सिर्जना गराउने, क्षेत्रगत बिकासमा टेवा पुऱ्याउने र उद्योगको प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ। महोत्सवमा विभिन्न जाति, जनजातिका कला संस्कृतिको प्रदर्शनी, औधोगिक उत्पादनको प्रदर्शनी एवं बिक्री, हस्तकला सामानहरुको प्रदर्शनी एवं बिक्री, सूचना प्रविधीहरुको प्रदर्शनी एवं जानकारी, ब्यवसायीक संघ संस्थाहरुको सेवा बारे जानकारी, स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय उपभोग्य बस्तुहरुको प्रदर्शनी तथा उचित मुल्यमा बिक्री वितरण, पर्यटन प्रवर्द्धनका सामाग्रीहरुको प्रदर्शनी एवं जानकारी, पोखरा लगायत विभिन्न पर्यटकीय स्थलहरुको जानकारी, सामाजिक संस्थाहरुको परिचय एवं जानकारी, नेपाली संस्कृति झल्कने नृत्य प्रस्तुती, विद्यालय स्तरीय सामुहिक लोकनृत्य प्रतियोगिता संगै कृषिका गतिविधीहरु सञ्चालन हुनेछन।


**Government of Nepal**
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation and Water Resources Management Project**
**Pokhara, Kaski**

## Invitation for Electronic (Online) Re-Bids

(Date of publication: 2081-09-08 (23th December, 2024)

Irrigation and Water Resources Management Project, Kaski invites online re-bids only under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding: All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions, within the mentioned period.

| S. N. | Works Descriptions | Contract ID | Bid Doc. Fee (NRs) | Estimated Amount (With VAT and PS) NRs. | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | Construction of Kulabandh Sinchai Kulo Nirman Karya,Putali Bazzar Syangja-13 | IWRMP-KASKI/KULBADH-SYANGJA/NCB/WORKS/08/081-082 | 3000.00 | 11838076.02 | 2,95,000.00 |
| Pre Bid Meeting: 2081-09-16 B.S. (31 Dec 2024) 11:00 Hours at IWRMP Office, Kaski | | | | | |
| Last date and time of Bid Submission: 2081-09-23 B.S. (07 Jan 2025) 12:00 Noon at IWRMP | | | | | |
| Technical Bid Opening date and time: 2081-09-23 B.S. (07 Jan 2025) 13:00 Hours at IWRMP | | | | | |

2. Information to deposit the cost of bidding document and Bid Security in Bank.

| For purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| Name of Bank: Rastriya Banijya Bank Ltd., Prithvichowk, Pokhara Kaski | Name of Bank: Rastriya Banijya Bank Ltd., Prithvichowk, Pokhara Kaski |
| Office Code: 308033901 | Office Code: 308033901 |
| Name of Office: Irrigation and Water Resources Management Project, Kaski | Name of Office: Irrigation and Water Resources Management Project, Kaski |
| Office Account No: Ka 11101 | Dharauti Account No: 3020100102030000 (District Treasury Office, Kaski) |
| Rajaswa (Revenue) Shirshak No: 14229 | |

Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the IWRMP, Kaski (Tel: 061-564484,Office Web site:www.rcidp.gov.np, E-mail address: iwrmpkaski@gmail.com) Note: It has been amended that the notice published in Himalaya Times dated 2081.09.05 was erroneously mentioned otherwise instead of the correct bid amount of Rs. 89,74,088.39 (inclusive of VAT and PS) for Mr. Khanal Construction, Pokhara.

Project Chief

